२. ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ मा संशोधन : ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ८२

## बाल श्रम (निषेध र नियमित गर्ने) (पहिलो संशोधन) नियमावली, २०७०

बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "बाल श्रम (निषेध र नियमित गर्ने) (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ मा संशोधन : बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ८३

## जलयात्रा (दोस्रो संशोधन) नियमावली, २०७०

जलयात्रा नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।